स्थानीय सरकार

# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८२/०८३

च.नं. :

## घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता प्राप्तिका लागि निवेदन दिने सम्वन्धी सूचना ।

सूचना नं : ५

सूचना प्रकाशित मिति : २०८२।०४।२२ गते

कर्णाली प्रदेश सरकावाट "घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि २०८१" मा व्यवस्था भए बमोजिम सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनमा घाइते अपाङ्गता भई कर्णाली प्रदेशमा स्थायी वसोवास भएको व्यक्तिलाई जीवन निर्वाह भत्ता उपलब्ध गराउने प्रयोजनका लागि कार्यविधिको अनुसूची– १ बमोजिमको ढाँचामा तपसिलमा उल्लेखित कागजात संलग्न राखी मिति २०८२।०४।२८ गते भित्र यस कार्यालयको महिला,वालवालिका तथा ज्येष्ठ नागरिक शाखामा पेश गर्नु हुन सम्वन्धित सरोकारवाला सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नोट : समयमा निवेदन पेश हुन नआई विवरण छुट हुन गएमा कार्यालय जवाफदेही नहुने व्यहोरो जानकारी गराईन्छ ।

संलग्न गर्नु पर्ने कागजातहरु :

१. द्वन्द पिडित घाइते अपाङ्गता भएको व्यक्तिको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
२. नेपाल सरकारबाट जारी भएको घाइते अपाङ्गता परिचयपत्रको प्रतिलिपि वा गृह मन्त्रालय वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा सत्यनिरुपण तथा मेलमिलाप आयोगले जारी गरेको पीडित परिचयपत्रको प्रतिलिपि,
३. स्थानीय तहले जारी गरेको अपाङ्गता परिचयपत्रको हकमा गृह मन्त्रालय वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस ,
४. प्रदेश स्थापनाको लागि भएको आन्दोलनको क्रममा घाइते वा अपाङ्गता भएको व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको विवरण खुल्ने प्रमाणित कागजात वा सिफारिस,
५. निवेदकको चेकको प्रतिलिपि ।

....................................

लक्ष्मण प्रसाद चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण प्रसाद चौलागाई

प्रमुख प्रशासकीय अधिकृत



CamScanner